नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं
(आन्तरिक ब्यवस्थापन शाखा)

पत्र संख्या :- २०७६/०७७
चलानी .नः ४६१

मिति २०७६/०७/२७

श्री स्थानीय तह (उप-निर्वाचन हुने) सबै

**बिषय : मतदान केन्द्र तोकिएको संस्थामा विदा दिने सम्बन्धमा ।**

निर्वाचन आयोग, नेपालको च.नं. नामावली /२.१/४८ मिति २०७६/०७/२६ को पत्र यसै साथ संलग्न छ । पत्रबाट व्यहोरा अवगत गरी सोही अनुसार गर्नु गराउनुहुन अनुरोध छ ।

जगत प्रसाद भुसाल
शाखा अधिकृत

**बोधार्थ**

श्री निर्वाचन आयोग नेपाल, कान्तिपथ काठमाण्डौं ।
श्री सूचना तथा प्रविधि शाखा सूचना इकाई : वेभसाईटमा अपलोड गरिदिनुहुन ।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

अत्यन्त जरुरी

प.सं. च.नं./Ref:

(मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा)

२०७६/७७/नामावली/२.१/४८

मितिः २०७६/०७/२६

श्री सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**बिषय : मतदान केन्द्र तोकिएको संस्थामा विदा दिने सम्बन्धमा ।**

उपरोक्त विषयमा सम्वत २०७६ साल मंसिर १४ गते प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य तथा स्थानीय तहका रिक्त सदस्य पदको लागि उपनिर्वाचन सम्पन्न हुन गैरहेको व्यहोरा अवगत नै छ ।उपनिर्वाचन कार्यक्रम अनुसार २०७६/०८/११ गते राति १२ बजे देखि मौन अवधि शुरु हुने हुँदा मतदान व्यवस्थापनमा खटिने कर्मचारीहरु ऐ. ११ गते बेलुकासम्ममा सम्बन्धित मतदान केन्द्रमा पुगी सक्ने गरी खटिने व्यवस्था गरिएको छ ।मतदान अधिकृतले २०७६/८/१२ गते देखि नै राजनीतिक दलसँगको सर्वदलीय बैठक राख्ने, मतदान केन्द्रको क्षेत्र तोक्ने, प्रचारप्रसार निषेध गर्ने, हातहतियार निषेध गर्ने, मतदाता परिचय पत्र वितरण गर्ने लगायतका कार्यहरु गर्नु पर्ने हुन्छ ।तसर्थ, निर्वाचन आयोगबाट तोकिएका मतदानस्थलहरु मुख्यतः सार्वजनिक तथा सामुदायिक विद्यालय, गाउँपालिका वा अन्तर्गतको भवन, स्वास्थ्य चौकी लगायत अन्य सार्वजनिक भवनमा रहेको हुँदा आयोगको मिति २०७६/०७/१९ को निर्णयानुसार संलग्न बमोजिमको उपनिर्वाचन हुने क्षेत्र र स्थानीय तहका सम्बन्धित मतदान केन्द्र तोकिएका स्थलहरु मिति २०७६/८/१२ गते देखि २०७६/०८/१४ गते मतदान कार्य सम्पन्न नभएसम्मका लागि सार्वजनिक विदा दिने व्यवस्था हुन र उक्त मतदानस्थलका भवनहरुमा सो अवधिमा अन्य कार्यक्रमहरु नगर्ने व्यवस्थाका लागि सम्बन्धित स्थानीय तहहरुमा परिपत्र हुन निर्णयानुसार अनुरोध गर्दछु ।

(ऋषिराम भुसाल)
उपसचिव

**<u>अवगतार्थ</u> :**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं।

**<u>बोधार्थ तथा कार्यार्थ :</u>**

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय : उल्लिखित व्यवस्थाको लागि आवश्यक समन्वय हुन अनुरोध ।

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : उल्लिखित व्यवस्थाको लागि आवश्यक समन्वय हुन अनुरोध ।

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्रको गौरव
"Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np